नेपाल सरकार
फोन :४२००२९८
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाण्डौं
(सूचना तथा प्रविधि शाखा)

प.सं.: २०७६/७७
मितिः- २०७६/६/१४
च.नं.:१५०

विषयः निर्णय कार्यान्विन सम्वन्धमा ।

श्री स्थानीय तहहरु (७५३) सवै ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. १ को प.सं. १/अनु/रोशन/०७६/०७७ च.नं. ५२१९ मिति २०७६।६।८ को पत्रानुसार बन्दिपुर गाउँपालिका स्थित बन्दिपुर ढाडखोला मोटर वाटो निर्माणमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा आयोगको मिति २०७६।६।२ को निर्णय यसै साथ संलग्न रहेको छ ।

सो वमोजिम "प्राविधिकरुपले जटिल कामहरु सिमित प्राविधिक ज्ञान र प्रयोगशालाको अभाव, प्राविधिकरुपले अनभिज्ञ तथा प्रयोगशालाको पहुँच भन्दा टाढा रहेको उपभोक्ता समितिहरु मार्फत गराउँदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ता समितिले निर्माण व्यवसाय संलग्न गरी निर्माण गर्नु पर्ने तथा मर्मत सम्भारको जिम्मेवारी वहन गर्न नसक्ने अवस्था देखिएकोले अव आईन्दा प्राविधिकरुपले जटिल प्रकृतिका निर्माण कार्य, जटिल किसिमको गुणस्तर परीक्षण गर्नु पर्ने, Heavy Machines प्रयोग गर्नुपर्ने, जनसहभागिता जुट्न नसक्ने, निर्माणपश्चात मर्मत सम्भार उपभोक्ता समितिवाट हुन नसक्ने, निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्नेजस्ता कार्यहरु गराउँदा उपभोक्ता समितिवाट नगराई प्रचलित कानून वमोजिम खुल्ला बोलपत्र आव्हान गरी निर्माण गर्न/गराउन उपयुक्त हुने देखिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै स्थानीय तह र सात वटै प्रदेश सरकारका सम्वन्धित निकायलाई सुझाव लेखि पठाउने" भनी लेखि आएको ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुहवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य परिपुर्ति हुने भएमा समिति वा लाभग्राही समुहलाई तोकिए वमोजिम कार्यविधि पुरा गरी यस्तो कार्य गर्न वा सेवा लिन सकिन्छ भन्ने व्यवस्था रहेको छ ।

ऐनको उक्त उद्देश्यले गुणस्तरलाई सम्झौता गरेको देखिदैन तापनि फिल्ड स्तरमा सम्पादन गरिने अधिकांश पुर्वाधारका कामहरु स्थानीय तहवाट गठित उपभोक्ता समिति वा उपभोक्ता समितिले निर्माण व्यवसायी परिचालन गरी काम गराउँदा गुणस्तरियताको सवाल उठ्दै आएको छ । मुलत उपभोक्ता समिति संग भारी उपकरण, दक्ष प्राविधिक र कामको अनुभवको अभाव रहनुको साथै लागत साझेदारी समेत नजुटेको सन्धर्भमा यसै साथ संलग्न सम्मानित आयोगवाट प्राप्त पत्रको अन्तिम अनुच्छेदमा लेखिए वमोजिमको सूझाव कार्यान्वयनको लागि सात वटै प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सवै स्थानीय तहमा लेखि पठाउने भनी निर्णय भएकोले सो अनुसार गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

शेखर निधि पौडयाल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं १

सूचना तथा प्रविधि शाखा
दर्ता नं. ०८६।६।१२
मिति ११६८

क.पु.म
४३३
६/१२

☎ : ५२६२१८०
: ५२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ५२६२१२८, ५२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं. १

पत्र संख्या :-१/अनु/रोशन/०७६।०७७
चलानी नं. :- ४२९९

मिति :२०७६।०६।०८

विषयः आयोगको निर्णय सम्बन्धमा।

अत्यन्त जरुरी/गोप्य

श्री संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

बन्दिपुर गाउँपालिका स्थित बन्दिपुर ढाडखोला मोटर बाटो निर्माणमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा मिति २०७६/०६/०२ गतेको आयोगको बैठकबाट भएको निर्णय आवश्यक कार्यार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

निर्णय

"जिल्ला तनहुँ, बन्दिपुर गाउँपालिकाले मिति २०७४/१२/२३ मा बन्दीपुर ढाडखोला पक्की सडक निर्माण कार्यको लागी लागत अनुमान रु ९५,६७,८५६।७३ रकमको मिति २०७४/०३/२० सम्ममा सम्मपन्न हुने गरी उपभोक्ता समिति संग सम्झौता गरेको देखियो । सडक डिभिजन कार्यालय, दमौलीको ईन्जिनियर सचिन श्रेष्ठ समेतले दिएको प्रतिवेदन अनुसार उक्त सडक निर्माणमा Sub Base Course र Base course कार्यको Thickness लागत अनुमानमा उल्लेख भएको भन्दा कम देखिएको र सोहि अनुसारको भुक्तानी भएको भनी देखिन आएको छ । साथै उक्त सडकमा यस आयोगको कार्यालय पोखराको सि.डि.ई शम्भु मिश्रसमेतले मिति २०७६/०५/०९ गतेको प्रतिवेदनअनुसार लागत अनुमानमा १० से.मि. ठोस मोटाईको Base course को आइटम रहेकोमा फिल्डमा ७.५ से.मि. ठोस मोटाईको Base Course हालेको र स्टिमेटमा १० से.मि. ठोस मोटाईको Sub Base Course को आइटम रहेको भएतापनि फिल्डमा ८ से.मि. ठोस मोटाईको Sub Base Course हालेको भन्ने प्रतिवेदनसमेत बाट देखिन आएको छ । लागत अनुमानमा Lab test को प्रावधान राखेको भएतापनि उपभोक्ता समितिहरु बाट Lab test Report बुझाएको देखिदैन । उक्त सडकमा भएको कार्यको फाईनल मुल्याङ्कन रु ८२,०१,८२८।१३ गरी भुक्तानी भएको देखिन आएको छ । यसरी उक्त सडकमा फिल्डमा भएको वास्तविक कामको मात्र भुक्तानी गरेको देखिएतापनि लागत अनुमानमा भएअनुसारको मोटाइमा Base र Sub base नराख्दा निर्माण भएको सडकले सवारी साधनको भार वहन गर्न सक्ने क्षमतामा कमि आउने सम्भावना देखियो । साथै सडक निर्माणको क्रममा सडक निर्माणमा प्रयोग गरीएका निर्माण सामग्रीहरु जस्तै Base material, Sub base Material, Bitumen लगायतका निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण तथा सडक निर्माणको क्रममा Compaction Test समेत गरी गुणस्तरको सुनिशचितता गर्नु पर्नेमा सो गरेको पाइएन।

☎ : ५२६२१८०
: ५२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ५२६२१२८, ५२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसन्धान महाशाखा नं. १

पत्र संख्या :-
चलानी नं. :-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिबृदि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिन्छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिनेछ व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएतापनी बन्दीपुर गाँउपालिकाले सार्वजनिक खरिद ऐन र नियमावलिको प्रावधान प्रतिकुल हुने गरी प्राविधिकरुपमा जटिल र उपभोक्ता समितिको क्षमताले निर्माण गर्न नसक्ने प्रकृतिको सडक कालो पत्रे गर्ने कार्य उपभोक्ता समिति मार्फत गराउदा तोकिएको गुणस्तर र परिमाणअनुसारको सडक निर्माण गरिएको भन्ने देखिन आएन। तथापी उजुरी निवेदनमा उल्लेख गरे वमोजिम बन्दीपुर ढाडखोला सडक निर्माणमा अनियमितता गरी नेपाल सरकारलाई हानीनोक्सानी पुर्याई भ्रष्टाचारको कसुर गरेको भन्ने आधार संकलित कागज प्रमाणबाट पुष्टि हुने अवस्था देखिँदैन।

अतः प्राविधिकरुपले जटिल कामहरु सिमित प्राविधिक ज्ञान र प्रयोगशालाको अभाव प्राविधिकरुपले अनभिज्ञ तथा प्रयोगशालाको पहुच भन्दा टाढा रहेको उपभोक्ता समितिहरुमार्फत गराउदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्त समितिले निर्माण व्यवसाय संलग्न गरी निर्माण गर्नु पर्ने तथा मर्मतसम्भारको जिम्मेवारी वहन गर्न नसक्ने अवस्था देखिएकोले अब आइन्दा प्राविधिकरुपले जटिल प्रकृतिका निर्माण कार्य, जटिल किसिमको गुणस्तर परिक्षण गर्नु पर्ने, Heavy Machines पर्योग गर्नुपर्ने, जनसहभागिता जुटन नसक्ने, निर्माणपश्चात मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने, निर्माण कार्य सन्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्नेजस्ता कार्यहरु गराउदा उपभोक्ता समितिबाट नगराई प्रचलित कानुनबमोजिम खुल्ला बोलपत्र आव्हान गरी निर्माण गर्न/गराउन उपयुक्त हुने देखिएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानिय तह र सात वटै प्रदेश

☎ : ५२६२१८०
: ५२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ५२६२१२८, ५२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

## अनुसन्धान महाशाखा नं. १

पत्र संख्या :-

चलानी नं. :-

सरकारका सन्बन्धित निकायलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ उपदफा (१) को खण्ड (ख) बमोजिम सुझाव लेखि पठाउने"

२०६८।०८।०६

(रोशन कुमार दास)
अनुसन्धान अधिकृत